# ७ येशू सधै मानिसहरुको हित चाहनुहुन्थ्यो

*<u>यस अध्यायका मूल पदहरू:</u>* योना ३:४-४:६; लूका १९:३८-४२; मत्ती ५:४३-४७; १ कोरन्थी १३; मर्कूस ८:२२-२५; फिलिप्पीहरूलाई २:३-५ र याकूब २:१४-१७।

*<u>यस अध्यायको सम्झिनु पर्ने मूल सार पद:</u>* **"ओ यरुशलेम! ओ यरुशलेम! तिमीले अगमवक्ताहरूको हत्या गऱ्यौं र तिमीकहाँ पठाउनेहरूलाई ढुङ्गामुडा गऱ्यौ ताकि तिनीहरू मरुन्। तिम्रा मानिसहरूलाई एकत्रित पार्न मैले धेरै प्रयास गरें। आमा कुखुराले आफ्ना चल्लाहरूलाई आफ्नो प्वाँख मुनि जम्मा गरेको जस्तै तिमीहरूलाई पनि सुरक्षा दिन मैले चाहेको थिएँ। तर तिमीहरूले त्यो गर्न दिएनौ!" (मत्ती २३:३७ रूपान्तरित)।**

एउटा शहरको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको ढोका अगाडि शब्बथ स्कुल र आराधना गर्ने समयमा युवा युवतीहरू स्केटबोर्ड वा पाङ्ग्रा भएको फल्याकमा गइरहेक$f$ देखिन्थे।

किन त? स्केटबोर्ड खेल्ने पार्क नजिक रहेको युबा समूदाय केन्द्रभित्र चर्चको कार्यक्रम हुन्थ्यो। के ती स्केटबोर्डहरूले चर्चको निम्ति भेला भएकाहरूलाई बाधा पुऱ्याइरहेक$f$ छ$_g$\ त? फेरि सोच्नुहोस्!

त्यस शहरको युवाहरूको बीचमा अपराध धेरै बढेकोले स्थानीय नगर पालिकाले ती युवाहरू स्वस्थ कार्यक्रममा समावेश होउन् भनेर त्यो स्केटबोर्ड पार्क बनाएको थियो। जब युवकहरू भेला हुने केन्द्र र स्केटबोर्ड पार्कको निर्माण गर्न सकिएको थियो तब स्थानीय सरकारले त्यस ठाउँमा चर्चको कार्यक्रम गर्न अनुरोध गरेको थियो। त्यस नगरबासीहरूले यो निश्कर्ष निकालेको थियो कि ती लक्ष्यहीन भएर हिँडेका र अपराधमा फसिरहेका युवाहरूले यदि चर्चको आराधना कार्यक्रममा भाग लियो भने तिनीहरूमाथि सकारात्मक वा सही नैतिक प्रभाव पर्नेछ। नगरका अगुवाहरूले विभिन्न चर्चका अगुवाहरूलाई त्यस काममा सहयोग गर्न निम्त्याए तर एउटा समूहले मात्र युवाहरूलाई सकारात्मक बनाउने अभियानमा भाग लिन स्वीकार गरे। त्यो चर्च थियो जसले हरेक शनिवार बिहान शब्बथ स्कुलको क्लास र आराधना हुन्थ्यो।

ती एडभेन्टिस्ट चर्चका सदस्यहरूले युवा केन्द्रमा चर्च संचालन गर्न अत्यन्त खुशी मानेका थिए। चर्चले सेवाकार्य गर्न चाहने युवाहरूमा स्केटबोर्ड खेल्ने युवाहरू पनि थिए।

चर्च भनेको केवल विश्वासीहरू भेला हुने ठाउँ मात्र नभएर समाजको सेवा गर्नेहरू पनि हुन् भनेर त्यस चर्चका सदस्यहरूले मान्न पुगेका थिए। यो आदर्श निति हाम्रा सबै चर्चहरूको पनि हुनुपर्छ।

## १ योना निनिभेमा (योना ३:४-४:६)

परमेश्वरका अगमवक्ता भनेर मानेका योनाको हृदयमा आफ्ना जाति नभएका मानिसहरूप्रति कस्तो रिस तथा पूर्वाग्रह थियो? हेर्नुहोस्: योना ३:२ देखि ४:१-४: "३ योनाले परमप्रभुको वचन पालन गरेर निनवेमा गए। अब निनवे एक अत्यन्तै प्रख्यात सहर थियो। त्यो हेर्नलाई तीन दिन लाग्दथ्यो। ४ पहिलो दिन योना सहरभित्र पसे। तिनले यसो भनेर घोषणा गरे, अबको चालीस दिनमा निनवे नष्ट हुनेछ, ५ निनवेका मानिसहरूले परमेश्वरमा विश्वास गरे। तिनीहरूले उपवासको घोषणा गरे, र तिनीहरूका ठूला-साना सबैले भाङ्ग्रा लगाए। ६ जब त्यो खबर निनवेका राजाकहाँ पुग्यो, तब उनी आफ्नो सिंहासनबाट उठे, उनले आफ्नो राजपोशाक फुकाले र भाङ्ग्रा लगाएर खरानीमा बसे। ७ तब उनले निनवेमा यसो भन्ने घोषणा गरे। राजाको र भारदारको उर्दीअनुसारः कुनै मानिस वा पशु, गाई-गोरु वा भेड़ाबाख्रा, कसैले केही खानेकुरा नखाओस्, न त केही पिओस्। ८ तर मानिस र पशुले भाङ्ग्रा लगाऊन्, र परमेश्वरमा पुकारा गरून्। तिनीहरू आफ्ना कुमार्गबाट फर्कून्, तिनीहरूले गर्ने उपद्रव त्याग गरून्। ९ कसले जान्दछ, परमेश्वरले मन नरम गर्नुहोला र दया गरेर आफ्नो भयानक रीसबाट फर्कनुहोला? यसरी हामी नष्ट हुनेछैनौं। १० तिनीहरूले के गरे र कसरी तिनीहरू आफ्ना कुमार्गबाट फर्केर आए भन्ने परमेश्वरले देख्नुभयो। तब उहाँलाई दया आयो, र तिनीहरूलाई सर्वनाश गर्छु भनी गर्नुभएको धम्कीअनुसार उहाँले गर्नुभएन।" र योना ४:१-४ "१ तर योनालाई यो साह्रै मन परेन, र तिनलाई रीस उठ्यो। २ अनि तिनले परमप्रभुलाई यसो भनेर प्रार्थना गरे, हे परमप्रभु, म आफ्नो घरमा छँदै के मैले यही कुरा भनेको थिइनँ र यसैकारणले त तर्शीशमा भागेर जान मैले आतुरी गरेको थिएँ। तपाईं अनुग्रहकारी र करुणामय, रीस गर्नमा धैर्यवान्, दयामा प्रशस्त, र दुःख दिनुमा बेखुशी हुनुहुने परमेश्वर हुनुहुन्छ भनी मैले जानेको

थिएँ। ३ अब हे परमेश्वर, मेरो प्राण लिनुहोस्, किनभने मेरो निम्ति बाँच्नुभन्दा त मर्नु नै असल छ।

आफूले चेतावनीको प्रचार गरेपछि त्यस महान् शहर निनभेको पूर्वपट्टि गएर पहाडको थुम्कोमा स्वर्गबाट आगो खस्ला भनेर योना पर्खेर बसेका थिए। योनाले परमेश्वरबाट पाएको निनभे नाश हुने सन्देश त्यस शहरभरि हिँडेर घोषणा गरेका थिए। सुरूमा परमेश्वरले योनालाई त्यस शहरमा जान अऱ्हाउँदा उनी मानेन् बरू भागेर अर्कै देशमा जहाजबाट जाँदै थिए। त्यसबेला ठूलो हुरी चलेर त्यस जहाज ढलमल भएको थियो। जहाजका मानिसहरूले योनाको कारण जहाज डुब्न लागेको थाहा पाएर उनकै अनुमतिमा उनलाई समुद्रमा फ्याँकेका थिए। त्यसबेला ठूलो माछाले उनलाई तिन दिनसम्म निलेका थिए र उनको प्रार्थना सुनेर परमेश्वरले समुद्रको किनारामा योनालाई माछाको मुखबाट निकाल्न लगाउनुभएको थियो। परमेश्वरबाट भाग्न खोजेको योनालाई फेरि निनभेमै ल्याएर उहाँको काम उनबाट फत्ते गराउनुभएको थियो। आफ्नो सबै यात्रा सम्झेर बसेका योनाले परमेश्वरलाई घुर्कि पनि सुनाउँछन्। उनको मेहनत किन सबै खेर गयो? अत्यन्त खराब तथा दुष्ट मानिसहरूलाई आफ्नो अनुग्रह देखाएर तिनीहरूलाई नाश हुनबाट बचाउन मात्रै आफूले दुःख पाएको हो र भन्दै मनमा अनेक कुरा खेलाउँदै योना पहाडको थुम्कोमा बसिरहेका थिए। योनाको वचन सुनेर मानिसहरू पश्चाताप गर्छन् र परमेश्वरतिर आफ्ना अनुहारहरू फर्काउँछन्। परमेश्वरले तिनीहरूको चुर्ण हृदयलाई सम्मान गर्नुहुन्छ र तिनीहरूलाई नाश नगर्ने निधो गर्नुहुन्छ। तर योनाले आफूलाई धोका दिएको महसुस गर्छन् र परमेश्वरले उनलाई प्रयोग गर्नुभएको भनेर आफू अपमानित भएको ठहराउँछ। परमप्रभु सृष्टिकर्ता परमेश्वरलाई आराधना नगर्ने एक लाख बिस हजार जनसंख्याभएको बिदेशी शहर निनभे नाश भएको योना चाहन्थे र परमेश्वरले इस्राएलीहरूको पक्षमा मात्र उभिनुभएको थियो भनेर देखाउन चाहन्थे। मूर्तीपूजा गर्ने जातिलाई घृणा गर्ने अधिकार आफूमा रहेको योनाले दावी गरेका थिए।

यहूदीहरूले पवित्र शहर मानिने यरुशलेम शहरको वातावरणप्रति येशू कुन रुष्ट हुनुभएको थियो? हेर्नुहोस्, लूका १९:२९-४६ "२९ जब उहाँ बेथफागे र बेथानियाको नजिक जैतून भनिने डाँड़ामा पुग्नुभयो, उहाँले आफ्ना चेलाहरूमध्ये दुई जनालाई यसो भनेर पठाउनुभयो, ३० "सामुन्नेको गाउँमा जाओ, र भित्र पस्दापस्दै तिमीहरूले गधाको एउटा बछेड़ो बाँधेको भेट्टाउनेछौ,

जसमाथि अहिलेसम्म कोही मानिस चढ़ेको छैन। त्यसलाई फुकाएर यहाँ
ल्याओ। ३१ कसैले किन फुकाउँछौ भनेर तिमीहरूलाई सोध्यो भने, प्रभुलाई
यसको खाँचो छ भन्नू। ३२ ती पठाइएकाहरू गए, र उहाँले तिनीहरूलाई जस्तो
भन्नुभएको थियो त्यस्तै भेट्टाए। ३३ तिनीहरूले बछेड़ो फुकाउन लाग्दा
बछेड़ाका मालिकहरूले तिनीहरूलाई सोधे, तिमीहरू यो बछेड़ो किन फुकाउँछौ
३४ तिनीहरूले भने, प्रभुलाई यसको खाँचो छ। ३५ चेलाहरूले त्यसलाई
येशूकहाँ ल्याए, र आफ्ना वस्त्रहरू बछेड़ोमाथि राखेर येशूलाई त्यसमाथि
बसाए। ३६ उहाँ जानुहुँदा मानिसहरूले आफ्ना वस्त्रहरू बाटोमा ओछ्याए।
३७ उहाँ जैतून डाँड़ाको ओह्रालोमा आइपुग्नुहुँदा चेलाहरूको समस्त भीड,
आफैले देखेका सबै शक्तिशाली कामहरूका निम्ति रमाउँदै, परमेश्वरको प्रशंसा
गर्दै उच्च सोरले कराउन लागे, ३८ परमप्रभुको नाउँमा आउने राजा धन्य हुन्।
स्वर्गमा शान्ति र परमधाममा महिमा। ३९ अनि भीड़का कुनै कुनै
फरिसीहरूले उहाँलाई भने, हे गुरु, तपाईंका चेलाहरूलाई हप्काउनुहोस्। ४०
तर उहाँले भन्नुभयो, म तिमीहरूलाई भन्दछु, यिनीहरू चूप लागे भने ढुङ्गाहरू नै
कराउनेछन्। ४१ जब येशू नजिकै आइपुग्नुभयो र सहरलाई देख्नुभयो, उहाँ
त्यसको निम्ति रुनुभयो, ४२ शान्ति कुन कुराले ल्याउँछ भनेर तिमीले आज पनि
जानेको भए हुनेथियो! तर अब तिम्रो दृष्टिबाट त्यो लुकेको छ। ४३ किनकि
तिमीमाथि यस्ता दिन आउनेछन्, जब तिम्रा शत्रुहरूले तिम्रो वरिपरि मोर्चा बाँधेर
घेरा हाल्नेछन्, र सबैतिरबाट तिमीलाई थुनिराख्नेछन्। ४४ तिनीहरूले
तिमीलाई र तिमीभित्र वास गर्ने तिम्रा सन्तानलाई जमिनमा पछार्नेछन्, र एउटा
ढुङ्गामाथि अर्को ढुङ्गा पनि छोडिनेछैन। किनकि तिमीले आफूमाथि भएको
परमेश्वरको कृपा-दृष्टिको समयलाई चिन्न सकिनौ।
४५ तब उहाँ मन्दिरभित्र प्रवेश गर्नुभयो र बिक्री गर्नेहरूलाई निकाल्नुभयो,
४६ र तिनीहरूलाई भन्नुभयो, धर्मशास्त्रमा लेखिएको छ, मेरो घर प्रार्थनाको घर
हुनेछ, तर तिमीहरूले त यसलाई डाँकूहरूको अड्डा बनाएका छौ।

योनाको समयको आठसय वर्षपछि येशूले गधामा चढेर पहाडको टुप्पोमा आउनुहुन्छ। त्यस ठाउँबाट पवित्र शहर मानिने यरुशलेमलाई प्रष्टरूपमा देखिन्थ्यो । "परमेश्वरको नाउँमा आउनुहुने राजाको जय" भनेर भिंडको चिच्याएको त्यहाँबाट सुनिन्थ्यो। "स्वर्गमा शान्ति र अति उच्च स्थानमा महिमा" भन्ने प्रशंसाको पनि प्रतिध्वनी त्यहाँ घन्किएको थियो (लूका १९:३८ रूपान्तरित)। बिजय उल्लासको त्यस वातावरणको बीचमा येशू रोक्नुहुन्छ र

यरुशलेमतिर हेर्दै येधुरूधुरू आँशु खसालेर रूनुहुन्छ, "कसले शान्ति ल्याउने रहेछ भनेर आज तिमीले थाहा पाएको भए कस्तो हुने थियो!" (लूका १९:४२ रूपान्तरित)।

येशू र योनाको बीचमा कस्तो ठूलो भिन्नता थियो सो हेर्नुहोस्। योनाले परमेश्वरको आदेशलाई मात्र राजी थिएन। निनभेका मानिसहरूको हितप्रति उनको वास्ता थिएन। एक बोझले लादिएर येशू यरुशलेममा पुग्नुहुन्छः उच्च मूल्यमा प्रदान गरिएको मुक्ति त्यस शहरका मानिसहरूमा भएको भए कस्तो हुनेथियो?"

दुई शहरहरूः निनभे र यरुशलेम। दुई दूतहरूः योना र येशू। तिनीहरूमा भएको भिन्नता स्पष्ट छ। निस्वार्थी, अरूको हित चाहने र वास्ता गर्ने मनस्थिति भएको येशूको उच्च तथा सिद्ध अनुकरणीय उदाहरण यहाँ प्रष्टसँग देखाइएको छ। परमेश्वरको अनुग्रहले परमेश्वरबिहिन भएका मानिसहरूप्रति देखाउनुपर्ने प्रेम र हितैषीपना हामीमा पनि होस्।

अरूहरूको मुक्तिप्रति चासो नदेखाउने प्रवृत्तिबाट हामी कसरी चनाखो भएर बस्ने?

## २. "जेसुकै भएतापनि" निति (२ कोरन्थी १२:१४,१५)

एक जना कुष्ट रोगले सताइएको मानिस येशूकहाँ आउँछन् र निको पार्न अनुरोध गर्छन्। त्यसबेलाको संस्कार अनुसार कुष्ट रोगले सताइएको त्यस व्यक्ति मानिसहरूको सम्पर्कमा आउनुहुँदैनथ्यो र त्यसलाई अलग राखिनुपर्दथ्यो। (जनमानसको बीचमा त्यो मानिस अशुद्ध र पापी थियो र मानिस भएतापनि त्यो व्यक्ति कहालीलाग्दो थियो)। तर पापरहित र पवित्र येशूले त्यस व्यक्तिमाथि हात राख्नुहुन्छ र त्यसलाई निको पार्नुहुन्छ। कुष्ट रोगीलाई छुन नहुने लोक धारणालाई उहाँले लत्याउनुहुन्छ (मत्ती ८:१-४)। येशूको विरुद्धमा मुद्दाको वहस भइरहेको बेलामा उहाँलाई चिनेको छैन भनेर पत्रुसले तिन पल्ट भन्छन् (यूहन्ना १८)। त्यसको बाबजुद पनि आफू पुनरुत्थान भएपछि येशूले तिन पल्ट पत्रुसको हृदय खोतलेर आफ्नो सेवाको निम्ति प्रयोग गर्नुहुन्छ (यूहन्ना २१)। पत्रुसले धोका दियो भनेर त्यसको पर्वाह येशूले गर्नुहुन्न। कोरन्थीमा तत्कालिन परमेश्वरको चर्चले पावलको अधिकार र प्रभावको सराहना गरेको हुँदैन। मानिसहरूलाई सिकाउने उनको प्रयासलाई

त्यसबेलाका इसाई भनाउँदाहरूले जस दिएको हुँदैन। तैपनि तिनीहरूको सेवा गर्न उनले रोकेनन् (२ कोरन्थी १२:१४,१५)।

पापको दलदलदेखि उठाएर मानिसहरूको हित चिताउँदै तिनीहरूलाई स्वर्गको स्थानमा राख्ने (एफिसी २:६) रूपरेखा बनाउनुहुने येशूको चरित्रको सामु "जेसुकै होस्" भन्ने निति अत्यन्त गम्भिर र महत्त्वपूर्ण मानिन्छ।

"करोडौं मानिसहरू मृत्युको मुखमा छन्। तिनीहरू पापको सिक्रिमा बाँधिएका छन्। ख्रीष्टको प्रेमको बारेमा तिनीहरूले कहिलै पनि सुनेका छैनन्। येशूको माया पाएका हामीहरू यदि तिनीहरूको स्थानमा भएको भए तिनीहरूले हामीलाई के गर्न चाहेको भनेर हामी चाहन्छौं होला? त्यसकारण हामीले पनि तिनीहरूबाट चाहेको सबै थोक तिनीहरूलाई गर्नुपर्छ। न्यायको समयमा हामी प्रत्येक येशूको नितिमा हिँडेका छौं कि छैनौं भनेर लेखाजोखा दिनै पर्छ। बिशेष गरेर उहाँले एक मापदण्ड निति हामीलाई दिनुभएको छ त्यस अनुसार हामी चलेको छ कि छैन भनेर हामीलाई जोखिने छ, त्यो हो 'अरूले तिमीलाई जे गरेको चाहन्छौ त्यही सबै थोक तिनीहरूलाई पनि गर।' (मत्ती ७:१२ रूपान्तरित)। एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ६४०बाट रूपान्तरित।

परमेश्वरको निम्ति सेवा गर्न चाहने प्रत्येक व्यक्तिको महत्त्वपूर्ण आधार निति सुनौलो नियम हुनुपर्छ। त्यस नितिमा हिँड्ने प्रत्येक व्यक्तिले पहिले आफ्नो भाऊ खोज्दैन वा आफ्नो फाइदा पहले खोज्दैन बरू जसको सेवा गरिरहेको छ त्यसको भाऊ बढाउन खोज्छ र उसको हित खोज्छ।

हामीहरूलाई मन नपराउने वा हामीहरूका बिरोधी भएर खडा हुने जस्ता मानिसहरूप्रति हामीहरूको मनस्थिति कस्तो हुनुपर्छ भनेर येशूले तोक्नुभएको छ। त्यस बारेमा हामीलाई येशूले दिनुभएको महत्त्वपूर्ण निति के हुन्? हेर्नुहोस् देहायका केही पदहरूमाः मत्ती ५:४३-४८ "४३ तिमीहरूले यसो भनेको सुनेका छौ, तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर। ४४ तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, ४५ र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ। ४६ किनभने यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूलाई के इनाम छ । के महसूल उठाउनेहरूले पनि त्यसै गर्दैनन् र । ४७ तिमीहरूले आफ्ना

दाजुभाइहरूलाई मात्र अभिवादन गर्छौ भने अरूहरूले भन्दा बढ़ी के गर्‍यौ र? के अन्यजातिहरूले पनि त्यसै गर्दैनन् र ।४८ यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ।; लूका ६:२७-२९,३५ "२७ तर तिमी सुन्नेहरूलाई म भन्दछु, आफ्ना शत्रुलाई प्रेम गर, र घृणा गर्नेहरूलाई भलाइ गर, २८ सराप्नेहरूलाई आशीर्वाद देओ, दुर्व्यवहार गर्नेहरूका निम्ति प्रार्थना गर। २९ तिमीलाई एक गालामा चड्काउनेलाई अर्को पनि थापिदेओ, र तिम्रो खास्टो खोस्नेलाई तिम्रो दौरा पनि लान देओ।...३५ तर आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिनीहरूको भलाइ गर। फेरि पाउने आशा नराखी ऋण देओ, र तिमीहरूको इनाम ठूलो हुनेछ, अनि तिमी सर्वोच्चका सन्तान ठहरिनेछौ, किनकि उहाँ बैगुनी र स्वार्थीमाथि कृपालु हुनुहुन्छ।" र लूका २३:३४ "३४ अनि येशूले भन्नुभयो, हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन्। अनि तिनीहरूले उहाँको वस्त्र भाग गरेर चिट्ठा हाले।"

हामीहरूलाई हेप्ने, हामीहरूप्रति पूर्वाग्रह राख्ने, हामीहरूको शत्रु वा प्रतिद्वन्धी भएर हामीलाई खसाल्न खोज्ने मानिसहरूलाई दया र प्रेम देखाऊ भनेर येशूले आह्वान गर्नुहुन्छ। यो पनि गहिरिएर सोच्नुहोस्, त्यस निति र मनस्थिति परमेश्वर आफ्नै पनि हो भनेर येशूले यसरी गाँसेर हामीलाई बुझाउन खोज्नुभएको छः "३५ तर आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिनीहरूको भलाइ गर। फेरि पाउने आशा नराखी ऋण देओ, र तिमीहरूको इनाम ठूलो हुनेछ, अनि तिमी सर्वोच्चका सन्तान ठहरिनेछौ, किनकि उहाँ बैगुनी र स्वार्थीमाथि कृपालु हुनुहुन्छ। ३६ तिमीहरूका पिता कृपालु हुनुभएझैं, तिमीहरू पनि कृपालु होओ।"

कृतघ्न, सराहना नगर्ने वा धन्यवादी नहुने र दुष्ट मानिसहरूलाई पनि परमेश्वरले दया माया देखाउनुहुन्छ भन्ने धारणालाई हामीहरूले कसरी बुझ्ने? अझ "अधर्मी, अत्याचारी, भ्रष्टाचारी र दुष्टहरू किन फलिफाप हुन्छन्?" भन्ने प्रश्नलाई हामीले कसरी चित्तबुझ्दो जवाफ दिने? हेर्नुहोस् रोमी २:३-६ "३ ए मानिस, तिमीले यस्ता काम गर्नेहरूलाई दोष लाउँछौ, र आफै पनि त्यही काम गर्छौ भने, के परमेश्वरको इन्साफबाट उम्कन्छु भन्ने तिमी ठान्छौ? ४ अथवा परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोर्‍याउँछ भन्ने थाहा नपाएर, के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ? ५ तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधका दिनको लागि आफ्नो

कठोर र अपश्चात्तापी हृदयले गर्दा तिमीले आफ्नो निम्ति क्रोध थुपारिरहेछौ। ६ किनकि उहाँले हरेक मानिसलाई उसको कामअनुसार फल दिनुहुनेछ।"

## ३. प्रेम कहिलै पनि असफल हुँदैन (१ कोरन्थी १३)

पुरानो करारकै अनुसार दश आज्ञाहरूलाई निचोडमा ल्याउँदै परमेश्वरलाई सारा हृदयले प्रेम गर्नु र छिमेकी अर्थात् आफू बाहेक अरू व्यक्तिलाई आफू जस्तो प्रेम गर्नु भनेर येशूले जिज्ञासा राख्ने एक जना धर्मशास्त्रीलाई सुनाउनुभएको थियो (लूका १०:२७,२८)। त्यस मानिसले आफ्नो छिमेकी को हो भनेर येशूलाई सोध्नुहुँदा उहाँले उदाहरणसहित आपदमा परेको बेलामा जो कोहिलाई पनि धर्म, जात, रंग, पराई, देश वा विदेशी नभनि सेवा सुश्रुषा गर्नु नै छिमेकीलाई प्रेम गर्नु हो भनेर व्याख्या गर्नुभएको थियो (लूका १०:२९३७)। येशू ख्रीष्टले आफ्नै जीवनको सुरूदेखि अन्तसम्म परमेश्वरको प्रेम शुद्धरूपमा कसरी देखाउने भनेर अनुकरणीय उदाहरणबाट सिकाउनुभएको थियो। परमेश्वर आफै प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:१६)। यदि हामी चाहे येशूभक्त भनौं वा क्रिश्चियन वा इसाई भनौं, परमेश्वरको शिखर चरित्र प्रेमलाई हामीले देखाउनु अनिवार्य छ।

विगतको इसाई इतिहासमा होस् वा आज पनि "इसाई अर्थात् क्रिश्चियन" भनेर दावी गर्नेहरूले येशूकै नाउँमा होस् वा परमेश्वरको नाउँमा धर्मलाई रक्षा गर्ने निहुँमा अरूको जीवनमा आतङ्क मचाएका र मचाइरहेका उदाहरणहरू के तपाईंलाई थाहा छ? धर्मको खोल ओढेर आफ्नो आस्थामा नबस्ने अरू मानिसलाई त्राही त्राही गर्ने प्रवृत्ति देहायका पदहरूले कसरी देखाउँछन्, हेर्नुहोस्, दानिएल ७:२४,२५ "२४ दश वटा सिंङचाहिँ त्यो साम्राज्यमाथि शासन गर्ने दश राजाहरू हुन्। त्यसपछि अर्को एक जना राजा खडा हुनेछ, त्यो अघिअघिका राजाहरूभन्दा भिन्नै हुनेछ र त्यसले तीन जना राजाहरूलाई पराजित गर्नेछ। २५ त्यसले सर्वोच्च परमेश्वरको विरुद्धमा बोल्नेछ र त्यसले परमेश्वरका पवित्र जनहरूलाई सताउनेछ। त्यसले धार्मिक नियम र चाडहरू हेरफेर गर्ने कोसिस गर्नेछ अनि साढे तीन वर्षसम्म परमेश्वरका पवित्र जनहरू त्यसको वशमा रहनेछन्।" र रोमी २:१७२४ "१७ तर तिमीहरू आफैंलाई यहूदी हुँ भन्छौ र व्यवस्थामा भर पर्दछौ। परमेश्वरलाई चिन्दछु भनी घमण्ड गर्दछौ। १८ परमेश्वरले हामीबाट के चाहनुहुन्छ, हामीलाई थाहा छ भनी धाक लाउँछौ। तिमीहरू व्यवस्थाबाटै

सिकेर ठूलाठूला कुरा गर्दछौ। १९ मनका अन्धाहरूलाई डोऱ्याउन सक्छौं भनी हाँक दिन्छौ। तिमीहरू अध्यारोमा बाटो नदेख्नेहरूका लागि आफूलाई साँच्चै ज्योति सम्झन्छौ २० र मूर्ख मानिसहरूलाई ठीक कुरो सिकाउन सक्छौं भन्छौ। अन्जानहरूलाई शिक्षा दिने हामी नै हौं भन्छौ अनि परमेश्वरको व्यवस्था हामीसँगै भएकोले जान्नुपर्ने कुरा हामीलाई नै थाहा छ भनी दाबी पनि गर्दछौ। २१ त्यसो हुँदा अरूलाई शिक्षा दिने तिमीहरूले के आफैंचाहिँ शिक्षा पालन गर्दछौ त? अरूलाई चाहिँ चोर्नुहुँदैन भनी प्रचार गर्ने तर के आफूचाहिँ चोर्ने? २२ आफ्नो जहानबाहेक अरू स्त्री वा पुरूषसँग नराम्रो सम्बन्ध गर्नुहुँदैन भन्नेले के आफैं झन् त्यस्तो नराम्रो सम्बन्ध गर्ने? मूर्तिपूजालाई घृणा गर्नेले के मूर्तिपूजाबाट नै धन कमाउने? २३ परमेश्वरले दिनुभएको व्यवस्था हामीसँग छ भनेर तिमीहरू घमण्ड गर्दछौ, के तिमीहरू त्यही व्यवस्था नाघेर परमेश्वरको अनादर गर्दछौ? २४ किनभने धर्मशास्त्रले भन्छ, "तिमी (धर्मगुरू भनाउँदा) यहूदीहरूले गर्दा नै अन्यजातिहरूमा परमेश्वरको निन्दा भएको छ, ।"

**क्रिश्चयन भनाउँदाहरूले नै गर्दा विगतका इतिहासभरि र आज पनि धेरैजसो मानिसहरूमा येशूप्रतिको हुनुपर्ने माया तथा आस्थालाई ठुकऱ्याइ दिइरहेका छन्। त्यसकारण येशूको बारेमा प्रचारबाजी गरेर मात्र होइन तर आफ्नै जीवनमा उहाँको मायालु तथा असल छिमेकीपन चरित्रलाई चरितार्थ गरेर देखाउनु सर्वत्र मानव समाजको माग हो भनेर येशूका उपासकहरूले ठान्नु अपरिहार्य छ। त्यस सन्दर्भमा येशूले स्त्रीपूरूष नभनि, देशीबिदेशी नभनि, जातअजात नभनि, धर्मीपापी नभनि देखाउनुभएको प्रेम हामीले पनि देखाउन सक्षम् भयौं भने येशूको गरिमा देखाउने त्यो जस्तो आदर्श तथा प्रभावकारी चरित्र अरू के होला । जय मसीहचाहीँ भन्ने अरूको मोलमा आफ्नो जय खोज्ने प्रवृत्ति न त पावलको निम्ति मान्य थियो न कुनै येशूभक्तको निम्ति हुनुपर्छअनुवादकको मन्तव्य)।**

प्रेमको उत्कृष्ट परिभाषा १ कोरन्थी १३मा दिइएको छ। पावलले प्रेमको परिभाषा कसरी गरेका छन्? प्रेम के होइन भनेर उनले कसरी औंल्याएका छन्? प्रेमले के गर्छ वा गर्दैन भनेर उनले कसरी प्रष्ट पारेका छन्? हामी येशूका उपासक हौं भनेर दावी गर्नेहरूले त्यस प्रेमलाई कसरी देखाउने? हामीहरू रहेको समाजमा हामीहरू गवाही भएर देखाउँदा त्यस प्रेमलाई हामीले कसरी प्रदर्शन गरिरहेका छौं । येशूलाई विश्वास गर्छु भनेर दावी त गर्ने तर त्यस खालको प्रेम तपाईंमा छैन भने त्यसलाई तपाईंको जीवनमा रूपान्तर गर्न

के परिवर्तन ल्याउनुपर्छ । हेर्नुहोस् प्रेमको बारेमा पावलको शिषर व्याख्या "१ म मानिसका किसिम-किसिमका भाषा र स्वर्गदूतको भाषा बोल्छु, तर मभित्र प्रेम छैन भने मैले बोलेको कुरो घण्टा र झ्याली बजाएझैं थोत्रो हुनेछ। २ मसँग परमेश्वरको तर्फबाट अगमवाणी बोल्ने वरदान छ, बुझ्न नसकिने भेदहरू पनि बुझ्दछु, सबै किसिमका ज्ञान पनि पाएको छु अनि डाँडा हटाउने पूरा विश्वास पनि मसँग छ, तर मभित्र प्रेम छैन भने म केही पनि होइनँ। ३ म आफ्ना सबै धन-सम्पत्ति बाँड्छु र आफ्नो शरीरै पनि डढाउन दिन्छु, तर मभित्र प्रेम छैन भने मलाई केही पनि फाइदा छैन।

४ प्रेममा शान्ति हुन्छ र दया गर्छ, प्रेमले अझ रिस गर्दैन, घमण्ड गर्दैन अनि आफूलाई ठूलो सम्झिदैन। ५ प्रेम खराब चालमा चल्दैन, आफ्नो उन्नति खोज्दैन, झर्कदैन, नराम्रा कुराको ख्यालै गर्दैन। ६ प्रेम अन्यायमा खुसी हुँदैन, तर सत्यमा रमाउँछ। ७ प्रेमले सबै कुरा सहन्छ, सबै कुरामा विश्वास राख्तछ, सबै कुरामा राम्रो आशा राख्तछ अनि सबै कुरा खप्छ।

८ प्रेमले कहिले हार खाँदैन। अगमवाणीहरू टुङ्गिनेछन्, भाषाका वरदानहरू बन्द हुनेछन् अनि ज्ञानको वचन पनि अन्त हुनेछ। ९ हाम्रो ज्ञान अपूरो छ, परमेश्वरको तर्फबाट बोल्ने हाम्रो वरदान अपूरो छ। १० तर जब पूराचाहिँ आउँछ, अपूरो हराएर जान्छ।

११ म बालक हुँदा बालकले जस्तै बोल्थें, बालकले जस्तै बुझ्थें र बालकले जस्तै सोच्थें। अहिले म पाको भएको छु र बालकको कुरासँग वास्ता राख्तिनँ। १२ अहिले हामी धमिलो ऐनामा देखेजस्तै मात्र देख्तछौं, छर्लङ्गै देख्तैनौं, तर त्यस बेलाचाहिँ आमने-सामने नै देख्नेछौं। अहिले म पूरा जान्दिनँ, तर त्यस बेलाचाहिँ परमेश्वरले मेरो बारेमा सबै कुरा पूरै जान्नुभएझैं म पनि जान्नेछु। १३ तर यी तीन कुराचाहिँ सधैं रहनेछन्: विश्वास, आशा र प्रेम। तिनीहरूमा सबैभन्दा ठूलो प्रेम नै हो।"

## ४. येशूको दोस्रो छुवाइ (मर्कूस ८:२२-२५)

येशूले एक दिन एक जना अन्धालाई निको पार्नुभएको थियो। तर उहाँले एकै चोटी नगरेर दुई चोटी छोएरमात्रै निको पार्नुभयो। त्यसबाट के आत्मिक ज्ञान हामीले सिक्न सक्छौं होला? हेर्नुहोस् मर्कूस ८:२२-२५, "२२ येशू चेलाहरूसँगै बेथसेदामा आइपुग्नुभयो। त्यहाँ मानिसहरूले एउटा अन्धोलाई उहाँकहाँ ल्याएर यसलाई छोइदिनुहोस्" भनी बिन्ती गरे। २३ येशूले त्यस

अन्धो मानिसलाई डोऱ्याउँदै गाउँदेखि बाहिर ल्याउनुभयो। अनि उसको आँखामा थुकी आफ्नो हात उसमाथि राखेर सोध्नुभयो, "केही देख्न सक्छौ? २४ उसले फेरि हेर्दै भन्यो, "मानिसहरूलाई देख्न त देख्दै छु, तर तिनीहरू रूख हिंडेजस्ता पो देखिन्छन्।" २५ येशूले फेरि उसको आँखा आफ्नो हातले छुनुभयो। अनि त्यस मानिसले नियालेर हेर्दा सबै कुरा छर्लङ्गै देख्न सक्यो। २६ त्यसपछि येशूले उसलाई घर पठाउँदै भन्नुभयो, "यस गाउँमा फेरि नपसी सरासर घर जाऊ।"

**अन्धो मानिसको आँखामा उहाँले थुक्नुहुन्छ र उसलाई छोएर सोध्नुहुन्छ "तिमीले के देख्न सक्छौं?" (मर्कूस ८:२३ रूपान्तरित)। अचम्म त्यस अन्धोको आँखामा उहाँले किन थुक्नुहुन्छ? पौराणिक कितावहरूमा चिकित्सकहरूले आफ्नो र्‍याललाई घाउहरूलाई निको पार्न प्रयोग गरेको उल्लेख गरिएको छ। अन्धालाई निको पार्नुभएको यो अलौकिक कामभन्दा अघि येशूले डेकापोलिसमा एक जना बहिरा र लाटोलाई पनि त्यसै गरि निको पार्नुभएको थियो (मर्कूस ७:३१-३७)। यद्यपि येशूका अरू अचम्म कामहरू उल्लेख गरिएकोमा त्यस अन्धोलाई निको पार्न उहाँले दुई तरिकाहरू अपनाउनुभएको थियो।**

"तिमीले केही देख्यौ?" भनेर येशूले सोध्नुभएको प्रश्नमा त्यस अन्धो मानिसले जवाफ दिएको फेरि पढ्नुहोस्: २३ येशूले त्यस अन्धो मानिसलाई डोऱ्याउँदै गाउँदेखि बाहिर ल्याउनुभयो। अनि उसको आँखामा थुकी आफ्नो हात उसमाथि राखेर सोध्नुभयो, "केही देख्न सक्छौ? २४ उसले फेरि हेर्दै भन्यो, "मानिसहरूलाई देख्न त देख्दै छु, तर तिनीहरू रूख हिंडेजस्ता पो देखिन्छन्।"

**आँशिक आँखा खोलिएको त्यस व्यक्तिले मानिस र रूखहरूको बीचमा छुट्याउन सकेको थियो। तर रूख र मानिसको बीचको फरकमा भने मानिसहरू हिँडिरहेको उसले देख्न सकेको थियो। आत्मिक अर्थमा हामीहरूको जीवनमा त्यसको अर्थ के हुनसक्छ होला? त्यसको अर्थ यो हुन सक्छ कि जब येशूले हामीहरूको आत्मिक आँखा दिनुभएतापनि हामीहरू पूर्ण रूपमा आत्मिक अन्धोपनाको नखोलिएको हुनसक्छ। मानिसहरूलाई मानिस नदेखि केवल अजिव वा बस्तु देख्ने प्रवृत्तिले हामीलाई पिरोलीरहेको हुनसक्छ। मानिसहरूको यथार्थ आवश्यकताप्रति संवदेनशील नहुँदा हामी आँखा चिम्लिरहेको अनुभव गर्न सक्छौं। धेरै मानिसहरू बप्तिस्माद्वारा चर्चमा थपिएको र अरूहरू**

क्रियाकलापहरू भएको हामी चाहन्छौं होला जसले गर्दा हामीहरूको भाऊ बढेको हुनजान्छ। परमेश्वरको भाऊ खोज्ने भन्दा आफ्नोमात्र भाऊ खोज्ने चर्चका पदाधिकारीहरूको चर्चमा धेरै विश्वासीहरू लामोसमयसम्म टेक्दैनन्।

मर्कूस ८:२५मा उल्लेख गरेको अनुसार येशूले फेरि उसको आँखामा छोएर किन निको पार्नुभयो?

येशूले त्यस अन्धोलाई अचम्म तरिकाले निको पार्नुभन्दा अघि उहाँले अर्को खालको अन्धोपनाको बारेमा चर्चा गर्नुभएको थियोः "हेरोड र फरिसी पण्डितहरूको अखमिरी वा रोटीलाई फुलाउने तत्वदेखि सावधान हुनु" भनेर येशूले चेलाहरूलाई भन्नुभएको अर्थ तिनीहरूले बुझ्न सकेका थिएनन्। डुङ्गामा चढ्दा पुग्दोमात्रामा रोटी नल्याएकोले येशूले गुनासो गर्नुभएको थियो भनेर तिनीहरूले सम्झेका थिए। तर त्यसबेला येशूले तिनीहरूलाई हपार्दै भन्नुभयो, "क्या हो तिमीहरू, तिमीहरूमा आँखा भएतापनि के देख्न सकेनौं?" (मर्कूस ८:१८ रूपान्तरित)।

चर्चका बाहिरका मानिसहरूमात्र होइन चर्चमा रहेका विश्वासीहरूलाई पनि येशूको चङ्गाइ पार्ने हातको आवश्यक पर्छ। चर्चभित्रै आत्मिक रूपमा आँखा नदेख्नेहरू छन्। कतिपय मानिसहरू चर्चमा कतिजना मानिसहरू छन् भनेर चासो देखाएका हुन्छन् तर तिनीहरूमा कति जना आत्मिक रूपमा हस्टपुष्ट छन् भनेर देख्न नचाहेका हुन्छन्। कतिपय चर्चका अगुवाहरूले चर्चका विश्वासीहरू केवल दोबाटोमा ओहोरदोहोर गर्नेहरू जस्तोमात्र देख्छन् र कतिपय नयाँ बालकहरू चर्चको ढोकाको पछाडिबाट बिलाएर गएको देख्दैनन्। मानौं येशूले आफ्नो ज्यान दिएका ती विश्वासीहरू केवल वस्तु मात्र हुन् व्यक्तिविशेष होइनन्। येशूको दोस्रो छुवाइ चर्चका प्रत्येक सदस्यको आवश्यकता छ ताकि तिनीहरूले सबै थोक स्पष्ट रूपमा देखोस् र अरूलाई येशूले जस्तो प्रेम गर्न सकोस्।

## ५. अरूहरूमा केन्द्रित चर्च (फिलिप्पीहरूलाई २:२-३)

"३ आफ्नै मात्र भलाइ खोजेर तिमीहरू अघि बढ्न नखोज। तिमीहरूले फोस्रो घमण्डको निम्ति पनि केही नगर। आफ्नो अहंकारिताबाट स्वतन्त्र होऊ। अरूहरू आफूभन्दा राम्रा छन् भनी सम्झ। ४ तिमीहरू कोही पनि आफ्नै मात्र भाऊ खोजेर आफ्नो हित नखोज। तिमीहरूले अरूहरूको पनि हित गर्ने बानी बसाल। ५ तिमीहरूको सोचबिचार वा नियत येशू ख्रीष्टको जस्तो हुनुपर्छ।" (फिलिप्पीहरूलाई २:३-५ (रूपान्तरित)। पावलले व्यक्त

गरेका ती नितिहरूले हामीहरूको जीवनलाई कसरी नियन्त्रण गराउने जसले गर्दा विश्वासीहरूसँगमात्र होइन हामीहरूले घुलमिल गर्ने समाजमा पनि हामीहरूमा येशूको उपस्थिति हुनुहुन्छ भनेर प्रत्याभूति दिलाउने?

जब येशू यस संसारमा हुनुहुन्थ्यो उहाँले आफ्नो भाऊ खोज्न भएको थिएन न त आफ्नो भलाइलाई सोच्नुभएको थियो। अरूको भलाइ र अरूको सेवा गर्ने लक्ष्य लिएर उहाँ यस संसारमा आउनुभएको थियो। प्रायजसो उहाँको जीवन यस संसारमा उहाँको सहयोग माग्नेहरूलाई सहयोग गर्न बिताउनुभएको थियो। उहाँले जे गरिरहनुभएको थियो त्यसलाई रोकेर उहाँको गुहार माग्नेहरूलाई सेवा पुऱ्याउनुभएको थियो। येशूले मानिसहरूलाई शिक्षा दिइरहनुभएको बेलामा एक जना यहूदी आराधनास्थलको अगुवाले आफ्नो मर्न लागेकी छोरीलाई निको पार्न आफ्नो घरमा छिट्टो आउन उहाँसँग आग्रह गरेका थिए। उनको घरमा जाँदा जाँदै एक जना १२ वर्षसम्म रजस्वाला भइरहेकी महिलाको निम्ति रोकिनुभएको थियो (मर्कूस ५:२१-४३)।

येशू ख्रीष्टको चर्च यस संसारमा उहाँको हृदय र हातहरू हुन्। अरू कुनै थोकभन्दा बेसी येशूले मानिसहरूलाई माया गर्नुहुन्थ्यो। यदि कुनै पनि मण्डली उहाँको हो भनेर दावी गर्छ भने उहाँले जस्तै अरूलाई पनि व्यवहार गर्नुपर्छ।

कुनै पनि चर्चको लक्ष्य र योजनाहरू हुन्छन्  ती असल हुन। असिमित मात्रामा मानिसहरूलाई प्रेम गर्ने वातावरणले कतिपय समयमा अरूलाई परमेश्वरको प्रेम देखाउन बिर्सने प्रवृत्तिलाई सहयोग गर्न सकिन्छ। बप्तिस्मा दिएर मानिसहरूलाई चर्चको संख्या बढाउने लक्ष्य धेरै चर्चहरूको हुन्छ। चर्चले गर्ने बिभिन्न आयोजनाहरूमा बप्तिस्माको लक्ष्य उच्च स्थानमा ती चर्चले बनाइरहेको हुन्छ। निःसन्देह बप्तिस्मा दिने कार्यक्रम सराहनीय छ। यसले मत्ती २८:१९मा दिएको येशूको निर्देशनलाई पालन गरेको देखाउँछ। तर तपाईंको चर्चको बप्तिस्मा दिने नियतको मूल लक्ष्य के हो? के चर्चको गरिमा बढाउनमात्रै हो? के अरूको दाँजोमा आफ्नो चर्च प्रगतिशील भएको र पास्टरले प्रशंसा वा जस पाउनको निम्तिमात्र हो? वा तपाईंको चर्च रहेको समाजमा मानिसहरूले येशूलाई ग्रहण गरेर उहाँमा पाइएको अर्थपूर्ण र प्रशस्त जीवन उपभोग गर्ने शुभअवसर पाइएकोले हो (यूहन्ना १०:१०)?

एउटा चर्चले एउटा शहरको गरिबबस्तीमा गरिबहरूको निम्ति खानेकुराहरू बाँड्ने गर्दथ्यो। एक दिन त्यस चर्चको पास्टरले यो सुन्यो, “हामीले

यो काम बन्द गर्नुपर्छ किनभने मानिसहरूलाई खानेकुरा दिएर एक जना पनि बप्तिस्मा भएको छैन।" अर्को चर्चको समूहले त्यहाँ नयाँ चर्चको निर्माण गरेको थियो। आफ्नो नयाँ चर्च देखेर त्यस चर्चका सदस्यहरूले गौरब गर्दथे। त्यसबेला त्यस चर्चको पास्टरले समाजका मानिसहरूलाई निमत्याएर भेकेशन बाइबल स्कुल वा स्वास्थ सम्बन्धी कार्यक्रम गर्न सुझाव त्यस चर्चका पदाधिकारीहरूलाई दिए। तर चर्चका पदाधिकाहरूले चर्चको नयाँ कार्पेटहरू फोहर होला र छिट्टो फाट्ला भनेर चिन्ता व्यक्त गरे। नयाँ बाथरुममा मानिसहरूले कोरकार गर्लान् भनेर पनि ती पदाधिकारीहरू हिचकिचाए। त्यस चर्च र स्केटबोर्ड खेल्ने पार्कमा भएको चर्चको बीचमा के अन्तर छ?

फिलिप्पी २:३-५ फेरि पढ्नुहोस्। अरूप्रति तपाईंको मन कस्तो छ? आफू मरेर अरू बाँचोस भन्ने प्रवृत्ति देखाएर हामीहरूकै जीवनबाट येशूको प्रेम र निश्वार्थपना कसरी देखाउने?

## उपसंहारः

यस अध्यायको बारेमा थप जानकारी चाहिए एलेन जी ह्वाइटका देहायका सामग्रीहरू पढ्नुहोस्ः *मिनिस्त्री अभ हिलिङ्ग* पृ. १७-२८को "आवर एक्जाम्पल", *द डिजाएर अभ एजेज,* पृ. ५१८-५२३को "वन थिङ्ग दाउ लाकेस्ट", र *माइ लाइफ टुडे*को, पृ. १९०-१९६को "ए सोसिएल लाइफ"।

"सबै थरीका मानिसहरूकहाँ पुग्नुपर्छ। किनभने तिनीहरू आफै हामीहरूकहाँ आउँदैनन्। केवल चर्चको मञ्चबाट मात्र पुरुष र महिलाहरूको हृदयमा परमेश्वरको सत्यले छुनदिने होइन। मानिसहरूकै बीचमा येशू जानुभएर तिनीहरूको हित उहाँ चाहनुभएको थियो भनेर तिनीहरूको मनमा उहाँप्रति चासो जगाउनुभएको थियो। तिनीहरू दिनदिनै काममा गरिरहेको ठाउँमा उहाँ जानुहुन्थ्यो र तिनीहरूको दैनिक जीवनको बारेमा मनैदेखि चासो लिएर सोधपूछ गर्नुहुन्थ्यो।" एलेन जी ह्वाइट, *माई लाइफ टुडे,* पृ. १८६बाट रूपान्तरित। विविध कारणहरूले गर्दा आजका कतिपय मानिसहरू अरूहरूको जीवनप्रति चासो नदेखाएको पाइएको छ। जसरी येशू स्वर्गबाट ओर्लेर आउनुभयो र हामी जहाँ छौं त्यहीं भेट्न आउनुभयो, त्यसरी नै हामीहरू पनि मानिस जहाँ छ त्यहीं भेट्न जान खुबी हुनुपर्छ। (याद गर्नुहोस्, मानिसहरूले चाहेर येशू आउनुभएको होइन तर उहाँले नै तिनीहरूको आवश्यकताको महसुस गरेर आउनुभएको थियो-अनुवादकको भनाइ)। एक तहमा हेर्दा यो त्यति कठिन नहुन सक्छ। यस

संसारमा अनगिन्ति मानिसहरू छन् जसका आवश्यकताहरू धेरै छन्। यस संसार चोटै चोटले भरिएको छ। मानिसहरूको हृदयहरू विभिन्न कारणले छिया छिया भएका छन्। तिनीहरूको दुःख कसैले सुनिदेओस् भनेर तिनीहरू चाहन्छन्। कसैले हामीहरूप्रति चासो देखाओस् भनेर तिनीहरू चाहना गर्छन्। आफ्नो मनभित्र गुम्सिरहेका कुराहरू कसैसँग छलफल गर्न तिनीहरू चाहन्छन्। हामी चर्च समूह भएको कारणले तिनीहरूको चाहनालाई केही हदसम्म परिपूर्ति गर्न सक्दछौं। याकूबले चेतावनीसाथ व्यक्त गरेको भनाइले हामीलाई त्यस्तो अति दोषी मनस्थिति नबनाउन सतर्क त हुनुपर्छः विश्वास त छ भन्छौ अर्थात् येशूलाई माया गर्छु त भन्छौ तर त्यसलाई देखाउन केही नगरि हात बाँधेर बस्ने? अर्थात् "तिम्रो कामबाट तिम्रो विश्वास सक्रिय छ भनेर म तिमीहरूलाई चुनौति दिन्छु।" याकूबले दिएको त्यस चुनौति कुन सन्दर्भमा थियो त्यो हाम्रो चासोको विषय हुनुपर्छ। उनले हामीहरूको खानपिन, लुगा लाउने तरिकाहरू र व्यक्तिगत आचरणको बारेमा टिप्पणी गरेको होइन तर अरूलाई सहयोग गर्नेबारेमा थियो (याकूब २:१४,१७)। म परमेश्वरलाई विश्वास गर्छु। ममा उहाँप्रति आस्था बलियो छ भनेर जसले पनि भन्न सक्छ। तर हामी हाम्रो व्यक्तिगत चाहनालाई पार गर्दै अरूको जीवनमा पनि चासो देखाउँदै मद्दत गर्ने खुबी बनाउन सक्नु नै हामीमा भएको आस्थाको सही मूल्याङ्कन हुन्छ।

**चिन्तनमननः**

अ. देहायका पदहरूमा याकूबले चुनौति दिएको कुरामा तपाईंको चर्च चुकेको छैन भनेर कसरी देखाउने? हेर्नुहोस्ः "१४ मेरा भाइहरू, कसैले विश्वास गर्छु त भन्छ, तर कुनै कामले पनि आफ्नो विश्वास देखाउन सक्दैन भने के भयो र? के यस्तो विश्वासले उसलाई बचाउन सक्छ? १५ कुनै भाइ वा बहिनीको लुगा छैन र खाना पनि छैन, १६ तर तिमीहरूमध्ये कसैले उसलाई "परमेश्वरले तिमीलाई आशिष् देऊन्, राम्रैसँग लगाऊ अनि राम्रैसँग खाऊ" भन्छौ तर उसलाई चाहिएको केही पनि दिंदैनौ भने के भयो र? १७ विश्वास पनि त्यस्तै हुन्छ। काम नगर्ने विश्वास त मरेको विश्वास हो।" (याकूब २:१४-१७)।

आ. बाइबलमा भएका कतिपय पात्रहरूको बारेमा सोच्नुहोस् जसले निश्वार्थी भएर अरूको सेवा गरेका थिए। प्रेरित ९:३६मा उल्लेख गरिएको छः "जोप्पामा एक जना टबिथा नाउँ गरेकी एक स्त्री थिइन् जुन् ग्रीक भाषामा डोरकास थियो। उनले जहिले पनि असल काम गर्दथिन् र गरिवहरूलाई सहायता गर्दथिन्।" आधुनिक जोप्पामा भएका मानिसहरूलाई तपाईंको चर्चले के गरिरहेको छ?

इ. कसैले तपाईंको प्रशंसा गर्दा वा सम्मान गर्दा तपाईंले असल काम गर्नु सजिलो छ। तपाईंको परोपकारिता, दान र सामाजिक सेवा तथा देनलाई दोसल्ला ओढाएर सम्मान गर्दा तपाईंमा हौशला आएर अझ बढि सेवा गर्ने चाहना बढाउन सजिलो हुनसक्छ। तर तपाईंले गरेको कामलाई अरू कसैले नदेख्दा, चासो नदेखाउँदा, जस नदिंदा वा भाऊ नदेखाउँदा पनि तपाईंको गच्छे अनुसार सेवा गरिरहने खुबीलाई तपाईंले कसरी प्राप्त गर्ने? अरूले नदेखेतापनि परमेश्वरले त देखिरहनुभएको छ भनेर सान्त्वनात्मक मनस्थित बनाउनु के उचित छैन र?

ई. कुनै ईसाईलाई एक जना व्यक्तिले सोधे, “तपाईंको जीवनको लक्ष्य के हो ?" उनले जवाफ दिए, "म जे दिन्छु त्यसबाट केही पाउँछु वा फिर्ता पाउँछु कि भन्ने आशा नगरेर अरूको सेवा गर्नु नै मेरो जीवनको लक्ष्य हो।" येशूभक्त भनेर दावी गर्ने क्रममा त्यस जवाफले हामीहरूको नियतलाई कसरी चुनौति दिन्छ?